प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड २ संख्या २४ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति : २०७६

भाग २

प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# नगरपालिकाबाट स्वीकृत स्वास्थ्य कार्यक्रमहरुको कार्यान्वन कार्यविधि,२०७६

नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको विषयमा नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्तवित्तीय समानिकरण सशर्त अनुदान तथा स्थानीयतहको आन्तरिक श्रोत समेतबाट संकलन भई नगरपालिकाको संञ्चितकोषमा जम्मा भएको रकम विनियोजन भई नगर सभाबाट स्वीकृत भएका कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाको वैठक बाट मिति २०७६।०७।२० मा स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम, "नगरपालिकाबाट स्वीकृत स्वास्थ्य कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि,२०७६" रहने छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## परिच्छेद २

### लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

२. लक्षितवर्गको पहिचान

क) कार्यक्रम स्वीकृत गर्दाको बखत लक्षितवर्ग र कार्यक्रम स्थल तोकिएकोमा सोही अनुसार हुने छ ।

ख) लक्षितवर्ग तथा कार्यक्रम स्थल न तोकिएको हकमा नगरपालिकाको विषयगत समितिमा छलफल गरी लक्षितवर्गको उत्थानका लागि पछाडि परेको क्षेत्र, समुदाय, वर्गको लागि पहिलो प्राथमिकता दिन पर्नेछ ।

ग) सम्बन्धित विषयगत समितिको सिफारिसमा कार्यक्रम समन्वय समितिले छनौट गरेको वर्ग र स्थलहुनेछ ।

३. कार्यान्वयन गर्ने तरीका

क) **स्थानीय स्वास्थ्य संस्थाबाट टोल टोल बस्ती बस्तीमा स्वास्थ्यका समस्या पहिचान, उपचार तथा सचेतना कार्यक्रमः** यो कार्यक्रम सम्बन्धित स्वास्थ्य संस्थाहरुले हरेक महि[illegible] दिन १जना स्वास्थ्यकर्मि बस्ती बस्तीमा गई ६० वर्ष नाघेका नागरिकहरुको सामान्य स्वास्थ्य अवस्थाको जाँच, उपचार तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्य गर्नेछन । यसरी जाँचगर्दा नागरिकहरुको नाम, ठेगाना, उमेर, लिङ्ग, समस्या, सम्पर्क नं., उपचार सल्लाह आदि विवरणको सम्बन्धित संस्थामा अभिलेख राखी र प्यूठान नगरपालिकामा प्रतिवेदन गर्नुपर्नेछ । प्रतिवेदन प्राप्त भएपछि चौमासिक रुपमा खटिएका स्वास्थ्यकर्मिहरुलाई दैनिक खाजा खर्च वढिमा २००।- प्रति महिना प्रति संस्था १० दिनका दरले नगरपालिकाबाट भुक्तानी गरिनेछ ।

ख) **महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई झोला, टर्च तथा छाता वितरण कार्यक्रमः** प्यूठान नगरपालिका क्षेत्र भित्रकार्यरत ६९ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रति म.स्वा.से एक एक सेट झोला, टर्च र छाता खरीदकार्य गरी वितरण गरिनेछ ।

ग) **महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिक प्रोत्साहन भत्ता तथा मोवाईल रिचार्जः** प्यूठान नगरपालिका क्षेत्रमा कार्यरत ६९ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु १०००।- का दरले चौमासिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ । साथै मोवाइल स्वास्थ्य कार्यक्रमको



लागि प्रति महिना रु १००।- मोवाई रिचार्ज गर्न रकम उपलब्ध गराईनेछ ।

घ) **स्वास्थ्य कार्यक्रमको मासिक, चौमासिक तथा बार्षिक समिक्षा गोष्ठीः** कार्यक्रमहरुको मूल्यांकन तथा समिक्षा गरी-लक्ष्य अनुसार प्रगति हासिलगर्न उपरोक्त समिक्षा गोष्ठीहरु सञ्चालन हुनेछन । गोष्ठीमा सहभागी हुनेहरुलाई नगरपालिकाको नम्स अनुसार भत्ता, तथा नियमा अनुसार यातायात खर्च तथा रु १५०।- बराबरको खाजा उपलब्ध गराइनेछ । प्रत्येक समिक्षा वैठकहरुमा कार्यक्रमहरुको उपलब्धिहरुको बारेमा गहन समिक्षा गरिनेछ । समस्याहरुको समाधान गर्न तत्काल पहल गरिनेछ ।

ङ) **स्वास्थ्य कार्यक्रमहरुको अनुगमनः** प्यूठान नगरपालिका क्षेत्र भित्र रहेका सबै संस्थाहरुका नियमित रुपमा अनुगमन गरिनेछ । यसरी अनुगमन कार्यमा खटिई जानेहरुलाई नगरपालिकाको नम्स अनुसार भत्ता तथा नियमानुसार यातायात खर्च उपलब्ध गराइनेछ ।

च) **उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविकालाई पुरस्कृतः** नगर क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट योगदान, अनुशासन तथा कार्य सम्पादन मुल्यांकनको आधारमा नगर प्रमुखले तोकेको अधिकृत अध्यक्ष रहने स्वास्थ्य संस्थाको प्रमुखहरु सदस्य र स्वास्थ्य शाखाको प्रमुख सदस्य-सचिव रहने समितिले मूल्यांकन गरी संख्या निर्धारण समेत गरी पुरस्कृत गरिनेछ ।

छ) **अस्पतालमा रक्त सञ्चार सेवा संचालनः** नगर क्षेत्र भित्र रहेको रक्त सञ्चार सेवा सञ्चालनका लागि सम्बन्धित निकायसंग समन्वय गरी प्राप्त कार्ययोजनाका आधारमा विनियोजित रकम उपलब्ध गराईनेछ ।

ज) **HIV Positive विरामीहरुकालागि पोषण तथा उपचारकालागि यातायात खर्चमा टेवा कार्यक्रमः** नगर क्षेत्र भित्र रहेका HIV Positive विरामीहरुलाई निर्देशिका बमोजिम पोषण तथा उपचारका लागि यातायात खर्च उपलब्ध गराइनेछ ।

झ) **विविध खरीदकार्यः** स्वीकृत वजेटको परिधिमा रहि सार्वजनिक खरीद ऐन २०६३ तथा खरीद नियमावली २०६४ को अधिनमा रहि स्वीकृत कार्यक्रम अनुसार खरीदकार्य गरिनेछ ।

४. **कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया**

क) नगर सभाबाट कार्यक्रम स्वीकृत भईवार्षिक खरीद योजना अनुसार कार्यक्रमको अधिकार प्रत्योजन भएपछि सम्बन्धित शाखाले



प्यूठान नगरपालिका
प्यूठान नगरपालिका

कार्ययोजना तयार गरी विषयगत समितिका सहमतिमा खरीद योजना अनुसार प्रमुख प्रशासकीय अधिकृत बाट कार्यक्रम कार्यान्वयनका लागि स्वीकृतिलिई कार्यविधि अनुसार कार्यक्रम आदि वनाउनु पर्नेछ ।

ख) लक्षितवर्गलाई सूचना गरी प्रस्ताव माग गर्ने, प्रस्ताव उपर छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न लाभग्राही वा त्यस्तो कार्य सम्पन्न गर्नकालागि लाभग्राहीहरु मध्येबाट कार्यक्रम कार्यान्वन समितिसंग सम्झौता गरी कार्य अगाडी बढाउनु पर्नेछ ।

ग) कार्यालय संग कारोवार गर्दा प्रचलित खरीद ऐन, नियम तथा अन्य कार्यविधि, प्रकृयाहरु अनुसार गर्नु पर्नेछ ।

घ) प्राविधिक सहायता, सहयोग तथा वस्तुगत सहायता प्रदान गर्दा जिन्सी सामान वितरण गर्दा विषयगत शाखा,वडा कार्यालय, नगर कार्यपालिका कार्यालय मार्फत गर्न सकिनेछ । आर्थिक कारोवार गर्दा बैङ्क मार्फत गरिने छ ।

५. अनुगमन: वडा समिति तथा नगर स्तरीय अनुगमन समितिले योजना, कार्यक्रमको अनुगमन गरी, राय, सल्लाह तथा सुझाव प्रदान गर्न सक्ने छ । ती सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

६. कार्यविधिमा संशोधन : आवश्यकता अनुसार कार्यविधिमा संशोधन, थप घट, हेर फेर गर्न सकिने छ ।

प्यूठान नगरपालिका

प्रमाणिकरण मिति : २०७६/०७/२०

आज्ञाले

टोपेन्द्र बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत